# होमस्टे संचालन नियमावली, २०७६

प्रदेश सरकार

## उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय

प्रदेश नं. ५

बुटवल, नेपाल

२०७६

Scanned with CamScanner

श्री सचिव,

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय।

होमस्टे सञ्चालन नियमावली, २०७६ स्वीकृत गर्ने विषयको उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको नं.४/१६-२०७६ मिति २०७६।१०।२७ को प्रस्ताव प्र.मं.प.बै.सं. २९/२०७६, मिति २०७६।११।०२ को मन्त्रिपरिषद्को बैठकमा पेश हुँदा त्यसमा प्रदेश सरकार (मन्त्रिपरिषद्) ले देहायबमोजिम निर्णय गरेकाले सो अनुसार कार्यान्वयन हुन प्रदेश नं. ५, प्रदेश सरकार (कार्य सम्पादन) नियमावली, २०७४ को नियम ३५ को उपनियम (२) बमोजिम अनुरोध गरेको छु-

<u>प्रदेश सरकारको निर्णय-</u>

"प्रस्तावमा लेखिएबमोजिम गर्ने।"

२०७६।११।०२

(तोयनारायण ज्ञवाली)

प्रमुख सचिव

**प्रमुख सचिव**

Scanned with CamScanner

# होमस्टे संचालन नियमावली, २०७६

प्रदेश नं. ५, प्रदेश पर्यटन ऐन, २०७६ को दफा २८ र दफा ४४ ले दिएको अधिकार प्रयोग गरी प्रदेश सरकारले देहायका नियमहरु बनाएको छ ।

१.संक्षिप्त नाम र प्रारम्भः (१) यी नियमहरुको नाम "होमस्टे संचालन नियमावली, २०७६" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस नियमावलीमाः

(क) "कार्यालय" भन्नाले मन्त्रालय मातहत स्थापना भएको पर्यटन हेर्ने कार्यालय सम्झनु पर्छ।

(ख) "निजी होमस्टे" भन्नाले ग्रामीण तथा शहरी क्षेत्रमा एकल रुपमा दर्ता गरी निजी स्तरमा व्यवस्थापन गरी संचालन गर्ने होमस्टेलाई सम्झनु पर्छ।

(ग) "सामुदायिक होमस्टे" भन्नाले ग्रामीण तथा शहरी क्षेत्रमा अलग अलग स्वामित्व भएका एक भन्दा बढी घरधनीले सामुहिक रुपमा व्यवस्थापन गरी संचालन गर्ने होमस्टेलाई सम्झनु पर्छ।

(घ) "स्थानीय तह" भन्नाले होमस्टे संचालन हुने नगरपालिका वा गाउँपालिका सम्झनु पर्छ।

(ङ) "समिति" भन्नाले यस नियमावलीको नियम ११ बमोजिम गठन भएको होमस्टे व्यवस्थापन तथा संचालन समिति सम्झनु पर्छ।

(च) "होमस्टे इकाई" भन्नाले सामुदायिक होमस्टे अन्तर्गत एकजना घरधनिको स्वामित्वमा रहेका घर सम्झनु पर्छ।

३. होमस्टे दर्ता गर्नुपर्नेः (१) होमस्टे संचालन गर्न चाहने व्यक्तिले यस नियमावली बमोजिम होमस्टे दर्ता गर्नु पर्नेछ ।

(२) यो नियमावली बमोजिम दर्ता नगरी होमस्टे संचालन गर्न पाईने छैन ।

४. दर्ताका लागि निवेदन दिनुपर्नेः (१) होमस्टे संचालन गर्न चाहने व्यक्तिले अनुसूची - १ बमोजिमको ढाँचामा एक सय रुपैयाँ निवेदन दस्तुर सहित सम्बन्धित स्थानीय तहमा निवेदन दिनु पर्नेछ ।

(२) यो नियमावली बमोजिम होमस्टे दर्ता गर्नको लागि अनुसूची - २ बमोजिमको मापदण्ड पूरा गर्नु पर्नेछ ।

सचिव



Scanned with CamScanner

(३) होमस्टे दर्ता गर्न चाहने व्यक्तिले आफ्नो होमस्टे दर्ता गर्न निवेदन दिंदा देहाय बमोजिमका कागजातहरु संलग्न गर्नु पर्नेछः-

(क) सम्वन्धित वडा कार्यालयको सिफारिस पत्र,

(ख) जग्गा धनी प्रमाणपूर्जा वा पैतृक सम्पत्ती यकिन हुने प्रमाण वा मञ्जुरीनामा र अन्य व्यक्तिको स्वामित्वमा रहेको भाडाको जग्गामा संचालन गर्ने भए कम्तिमा दश वर्षको जग्गा भाडा सम्झौताको प्रतिलिपी,

(ग) शहरी क्षेत्रभित्र भएमा नक्सा पासको प्रतिलिपि,

(घ) होमस्टे सञ्चालकको नागरिकता प्रमाणपत्रको प्रतिलिपी,

(ङ) सामुदायिक होमस्टेको हकमा एक भन्दा बढी घर धनीले आ-आफ्नो घरमा सामूहिक रुपमा होमस्टे संचालन गर्न सहमत भएको लिखित प्रतिबद्धता पत्र ।

५. <u>होमस्टे दर्ता गर्नुपर्ने</u>: (१) नियम ४ बमोजिम होमस्टे दर्ताको लागि निवेदन पर्न आएमा सम्बन्धित स्थानीय तहले पन्ध्र दिन भित्र सो निवेदनका सम्वन्धमा जाँचबुझ गर्नेछ ।

(२) उपनियम (१) बमोजिम जाँचबुझ गर्दा यस नियमावलीमा तोकिएको मापदण्ड पूरा भएको नदेखिएमा सो मापदण्ड पूरा गर्न एक महिना समय दिइनेछ र सो समय भित्र पनि मापदण्ड पूरा नभएमा निवेदन तामेलीमा राखिनेछ ।

(३) उपनियम (१) बमोजिम जाँचबुझ गर्दा यस नियमावलीमा तोकिएको मापदण्ड पूरा भएको देखिएमा सम्बन्धित स्थानीय तहको कार्यालयले सात हजार रुपैयाँ दर्ता दस्तुर लिई तीन दिन भित्र होमस्टे दर्ता गरि अनुसूची - ३ (क) बमोजिमको ढाँचामा सामुदायिक होमस्टे संचालन प्रमाणपत्र र अनुसूची - ३ (ख) बमोजिमको ढाँचामा निजी होमस्टे संचालन प्रमाणपत्र दिनुपर्नेछ र सोको जानकारी एक महिना भित्र मन्त्रालय वा मन्त्रालयले तोकेको कार्यालयमा पठाउनु पर्नेछ।

(४) प्रचलित कानून बमोजिम दर्ता भई संचालनमा रहेका होमस्टेहरुले होमस्टे संचालनको इजाजत पत्र र करचुक्ता प्रमाणपत्र सहित सम्वन्धित स्थानीय तहमा यो नियमावली प्रारम्भ भएको छ महिना भित्र दर्ता अभिलेखिकरण गर्नु पर्नेछ ।

(५) उपनियम (५) बमोजिम दर्ता अभिलेखिकरण गर्न आएका होमस्टेहरुको सम्वन्धित स्थानीय तहले दर्ता अभिलेखिकरण गरि सोको जानकारी एक महिना भित्र मन्त्रालय वा मन्त्रालयले तोकेको कार्यालयमा पठाउनु पर्नेछ।



सचिव

Scanned with CamScanner

६. <u>होमस्टेले दर्ता भए पश्चात पुरा गर्नुपर्ने शर्तहरु:</u> होमस्टे संचालकले होमस्टे दर्ता भए पश्चात पुरा गर्नुपर्ने शर्तहरु देहाय बमोजिम हुनेछन:

(क) सुरक्षा निकायसँग समन्वय गरी पर्यटक सुरक्षाको व्यवस्था मिलाउनु पर्ने,

(ख) पर्यटकको स्वास्थ्य स्थितिको पूर्व जानकारी लिई सोही बमोजिमको खानपानको व्यवस्था गर्नुपर्ने तथा पर्यटक बिरामी भएमा स्थानीय स्वास्थ्य चौकी वा अस्पतालसँग समन्वय गरी उपचारको प्रबन्ध गर्ने,

(ग) सामुदायिक होमस्टेको लागि कम्तिमा एक सामुदायिक भवन वा हलको व्यवस्था हुनु पर्ने,

(घ) होमस्टेको हिसाब श्रेष्ता हरेक वर्ष दर्तावाला लेखा परिक्षकद्वारा लेखापरीक्षण गराउने र पर्यटकको तथ्याङ्क अध्यावधिक गरी राख्नु पर्ने,

(ङ) प्रत्येक वर्ष प्रचलित कानून बमोजिम कर चुक्ता गर्नु पर्ने,

(च) होमस्टेको वार्षिक प्रतिबेदन र आर्थिक प्रतिबेदन स्थानीय तह र प्रदेश मन्त्रालयले तोकेको पर्यटन हेर्ने कार्यालयमा पेश गर्नु पर्ने,

(छ) होमस्टेको मूलमर्म बिपरित वा होटेल लजको आकारमा होमस्टे चलाउन नपाउने ।

७. <u>होमस्टेका मुख्य पर्यटकीय क्रियाकलाप:</u> होमस्टे संचालकहरुले देहाय बमोजिमका क्रियाकलापहरु गर्न गराउन सक्नेछन् :-

(क) स्थानीय रीतिरिवाज र प्रचलन अनुसार पर्यटक स्वागतको व्यवस्था गर्ने,

(ख) पाहुनाको चाहनाअनुसार उपलब्ध हुने क्षेत्रमा जंगल ट्रेक, इकोट्रेक, कृषि फार्म अवलोकन, अध्ययन तथा सिकाइ केन्द्र, सांस्कृतिक सम्पदा, संग्रहालय, घरेलु तथा हस्तकला सामाग्री उत्पादन केन्द्र, रमणीय क्षेत्रको दृश्यावलोकन, झरना, जंगल, वन्यजन्तु तथा चरा अवलोकन जस्ता पर्यटकीय क्रियाकलापको व्यवस्था गर्ने,

(ग) पर्यटकहरुलाई सामुदायिक भवन वा खुला ठाउँमा मौलिक परम्परा वा संस्कृतिमा आधारित सांस्कृतिक कार्यक्रमहरुको प्रस्तुती, मेला, जात्रा जस्ता गतिविधीहरु आयोजना गरी सहभागी गराउने,

(घ) होमस्टेमा बस्ने पर्यटकहरुलाई गाउँघरमा उत्पादित स्थानीय मौलिक तथा प्राङ्गारिक (अर्गानिक) खाना खुवाउने,



सचिव

Scanned with CamScanner

प्रदेश नं ५
बुटवल, नेपाल

(ङ) पर्यटकलाई होमस्टेमा रहँदा उत्कृष्ट आतिथ्यता सहित र पारिवारिक वातावरण दिने,

(च) स्थानीय रीतिरिवाज/प्रचलन अनुसार स्थानीय उत्पादन र संस्कृति झल्कने मायाको चिनो सहित पर्यटकलाई विदाई गर्ने,

(छ) पर्यटक होमस्टेबाट विदाई भएपछि एक पटक उनीहरु गन्तब्यमा पुगे नपुगेको जानकारी लिने,

(ज) होमस्टेको होर्डिङ्गबोर्ड, साइनबोर्ड, ब्रोसर, नक्सा, पोष्टर, सिडी जस्ता प्रचारप्रसारका सामग्रीहरुको उत्पादन, वेभसाइट, पत्रपत्रिका, रेडियो, टेलिभिजन, उत्सव, मेला, महोत्सव, भ्रमण प्याकेजको निर्माण तथा बिक्री जस्ता क्रियाकलापहरु विभिन्न संघ, संस्था, स्थानीय तह र निजी क्षेत्रका ट्राभल तथा ट्रेकिङ्ग एजेन्सीसँग सहकार्य गरी होमस्टेको प्रचारप्रसार तथा बजारीकरण गर्ने।

८. <u>होमस्टे संचालकहरुको कर्तव्य र अनुशासनः</u> (१) होमस्टे संचालकरुले पालना गर्नुपर्ने कर्तव्य र अनुशासन देहाय बमोजिम हुनेछ :-

(क) "अतिथि देवो भव" को रुपमा पाहुनालाई हृदयदेखी सत्कार गर्ने,

(ख) स्वच्छ ताजा स्वस्थ्यकर र अर्गानिक भोजन तथा खाजाले सत्कार गर्ने,

(ग) प्रचलित कानून तथा मापदण्डहरुको पालना गर्ने,

(घ) पर्यटकहरुको सुरक्षाको सुनिश्चितता गर्ने,

(ङ) मुस्कान सहितको सेवा प्रदान गर्ने,

(च) मर्यादित मनोरन्जनले पर्यटकहरुलाई सन्तुष्टि दिने,

९. <u>होमस्टेको अवधी र नवीकरणः</u> (१) यस नियमावली बमोजिम दर्ता तथा नवीकरण भएका होमस्टेको अवधि पाँच आर्थिक वर्षको हुनेछ र सो अवधि भुक्तान भएपछि पाँच हजार रुपैयाँ नवीकरण दस्तुर लिई अर्को अवधीको लागि नवीकरण गर्न सकिनेछ।

(२) होमस्टे नवीकरण गराउन चाहने होमस्टे संचालकले उपनियम (१) को अवधि समाप्त भएको मितिले तीन महिना भित्र देहाय बमोजिमको कागजात संलग्न गरी सम्बन्धित स्थानीय तहमा अनुसूची - ४ बमोजिमको ढाँचामा नविकरणको लागि निवेदन दिनु पर्नेछः-

(क) नविकरण अवधि सम्मको लेखापरीक्षण प्रतिवेदन,

(ख) अनुसूचि - ५ बमोजिमको को ढाँचामा वार्षिक प्रगती प्रतिबेदन

(ग) होमस्टेले पर्यटकलाई प्रदान गरेको सेवाको विवरण,

(घ) कर चुक्ता प्रमाणपत्र



सचिव

Scanned with CamScanner

(ङ) सामुदायिक होमस्टेको हकमा समितिको प्रगति प्रतिवेदन र निर्णयको प्रतिलिपी।

(पर्यटन पूर्वाधार विकास कार्यक्रम संचालन गरेको भए सोको प्रगति विवरण),

(३) उपनियम (२) बमोजिमको अवधि भित्र होमस्टे नवीकरण गराउन नसकेको होमस्टे संचालकले आफ्नो होमस्टे समय भित्र नवीकरण गराउन नसकेको मनासिव कारण देखाई नवीकरणको लागि दरखास्त दिएमा त्यसरी दिएको दरखास्त जाँचबुझ गर्दा सो कारण मनासिव देखिएमा सम्वन्धित स्थानीय तहले होमस्टेको नवीकरण गराउने अवधि समास भएको मितिबाट छ महिनासम्म उपनियम (१) बमोजिमको दस्तुरको पचास प्रतिशत थप दस्तुर लिई नवीकरण गरिदिनु पर्नेछ ।

(४) उपनियम (३) बमोजिमको म्याद भित्र पनि कुनै होमस्टे नवीकरण नगराएमा सम्वन्धित स्थानीय तहले होमस्टेको नवीकरण गराउने अवधि समास भएको मितिबाट एक वर्ष सम्म उपनियम (१) बमोजिमको दस्तुरको दोब्वर दस्तुर लिई नविकरण गरिदिनु पर्नेछ।

(५) उपनियम (४) बमोजिमको म्यादभित्र पनि कुनै होमस्टे नवीकरण नगराएमा उक्त होमस्टेको दर्ता स्वतः खारेज हुनेछ।

(६) उपनियम (५) बमोजिम दर्ता खारेज भएको होमस्टेले बुझाउनु पर्ने बाँकी बक्यौता सरकारी भए सरकारी बाँकी सरह असुल गरिनेछ र अन्य बाँकी बक्यौता प्रचलित कानून बमोजिम हुनेछ ।

१०. <u>होमस्टेको दर्ता खारेजः</u> (१) यस नियमावली विपिरत होमस्टे संचालन गरेको पाइएमा सम्वन्धित स्थानीय तहले त्यस्तो होमस्टेको दर्ता खारेज गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम होमस्टेको दर्ता खारेज गर्नुअघि सम्वन्धित होमस्टे संचालकलाई स्पष्टीकरण पेश गर्ने मनासिव मौका दिनुपर्नेछ ।

(३) उपनियम (२) बमोजिम स्पष्टीकरण पेश नगरेमा वा पेश गरेको स्पष्टीकरण सन्तोषजनक नभएमा सम्वन्धित स्थानीय तहले सो होमस्टेको दर्ता खारेज गर्नेछ ।

११. <u>होमस्टे व्यवस्थापन तथा संचालन समितिः</u> (१) सामुदायिक होमस्टे संचालन गर्नका लागि संचालकले साधारण सभा वा भेला मार्फत सामुदायिक होमस्टे संचालकहरु मध्येबाट अनिवार्य दुई जना महिला पदाधिकारी रहने गरी अध्यक्ष, उपाध्यक्ष, कोषाध्यक्ष, सदस्य र सचिव रहेको होमस्टे व्यवस्थापन तथा संचालन समिति गठन गर्नु पर्नेछ ।

सचिव



Scanned with CamScanner

(२) होमस्टेमा सहभागी हुने घर संख्याको आधारमा समावेशी हुने गरी साधारण सभाले वढिमा छ जना सदस्यको चयन गर्न सक्नेछ। यसरी थपिने सदस्यहरुमा महिलाको संख्या पचास प्रतिशत हुनु पर्नेछ।

(३) होमस्टे व्यवस्थापन तथा संचालन समितिको काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछः

(क) होमस्टेले संचालन गर्ने पर्यटकीय क्रियाकलापहरु तथा पर्यटक र संचालकहरुले पालना गर्नु पर्ने आचार संहिताको वारेमा जानकारी गराउने,

(ख) आगन्तुक पाहुनाको स्वागत तथा आवासको व्यवस्था मिलाउने,

(ग) पाहुनाको दर्ता तथा रेकर्डको व्यवस्था गर्ने,

(घ) आयव्ययको श्रेस्ता व्यवस्थित र दुरुस्त राख्ने,

(ङ) प्रत्येक होमस्टे क्षेत्रको सरसफाई तथा अन्य व्यवस्थापन पक्षको नियमित अनुगमन गर्ने,

(च) स्थानीय पर्यटन प्याकेजहरुको निर्माण र प्रचारप्रसार गर्ने,

(छ) स्थानीय प्रविधी, ज्ञान, सीप, वातावरण, परम्परा, शैली, भेषभूषा, कला तथा संस्कृतिको खोजी तथा संरक्षण गर्ने,

(ज) सांस्कृतिक कार्यक्रमहरुको प्रदर्शन तथा व्यवस्थापन गर्ने,

(झ) पाहुनाको स्वास्थ्योपचार र अन्य आकस्मिक सेवा को व्यवस्थापन र समन्वय गर्ने,

(ञ) होमस्टे जाने पथ चिन्ह (sign post) तथा स्थानीय नक्शा (लोकेसन म्याप) तयार गरी आवश्यक स्थानमा राख्ने,

(ट) पाहुना आवासगृहमा उपलव्ध हुने सेवा, सुविधाको गुणस्तरका आधारमा मेनु/मुल्य निर्धारणमा एकरुपता कायम गर्ने साथै प्रत्येक होमस्टे संचालकको घरमा अनुसूचि - ६ वमोजिमको वोर्ड राख्नु पर्ने ।

(ठ) प्रत्येक आर्थिक वर्ष समाप्त भएको तीन महिना भित्र पाहुना संख्या, प्रमुख क्रियाकलाप तथा आयव्यय देखिने वार्षिक प्रतिवेदन स्थानीय तहको कार्यालय, मन्त्रालय वा मन्त्रालयले तोकेको निकायमा पठाउनु पर्ने,



सचिव

Scanned with CamScanner

(ड) स्थानीय होमस्टे समन्वय समिति र प्रदेशमा रहेको पर्यटन मन्त्रालयसँग नियमित सम्पर्क र सञ्चार गर्ने,

(ढ) अनुसूची - ७ बमोजिमको आचार संहिता सम्बन्धी सूचना पाहुनाले देख्ने स्थानमा राख्नु पर्ने,

(ण) होमस्टे विकास, प्रवर्द्धन तथा व्यवस्थापनका लागि अध्ययन, अवलोकन भ्रमण जस्ता कार्य गर्ने,

(त) कुनै निकायबाट प्राप्त सहयोगको उपयुक्त ठाउँमा लगानी गर्ने,

(थ) बिभिन्न निकायहरुको समन्वयमा होमस्टे, पथप्रदर्शक, फोहरमैला व्यवस्थापन जस्ता तालिमहरुको आयोजना गर्ने,

(द) होमस्टेको विकास, प्रवर्द्धन तथा व्यवस्थापनका लागि आवश्यक अन्य कार्यहरु गर्ने।

१२. <u>स्थानीय होमस्टे समन्वय समितिः</u> (१) सम्बन्धित स्थानीय तहले होमस्टेको माध्यमबाट पर्यटन विकास, प्रवर्द्धन र समन्वय गर्नका लागि एक होमस्टे समन्वय समिति गठन गर्न सक्नेछ।

(२) उपनियम (१) वमोजिमको समितिमा स्थानीय जनप्रतिनिधि, होमस्टे संचालकका प्रतिनिधि, पर्यटन व्यवसायी र आवश्यक विषयगत शाखाका कर्मचारीहरु राख्न सकिनेछ।

(३) स्थानीय होमस्टे समन्वय समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) आफ्नो स्थानीय तहमा भएका होमस्टे व्यवस्थापन समितिहरु बीच समन्वय र सहजीकरण गर्ने,

(ख) पूर्वाधार विकास र क्षमता अभिवृद्धि सम्बन्धी कार्य गर्ने,

(ग) आकस्मिक स्वास्थ्य सम्बन्धी सहयोग र समन्वय गर्ने,

(घ) सम्भाव्य पर्यटकीय सम्पदाहरुको विवरण तयार गर्ने,

(ङ) पर्यटकको संचार तथा सुरक्षामा समस्या देखिएमा सहयोग गर्ने,

(च) आफ्नो स्थानीय तहमा पर्यटन सूचना केन्द्रको स्थापना गर्ने र अभिलेख व्यवस्थित गर्ने,



सचिव

Scanned with CamScanner

(छ) होमस्टेको सेवामा गुणस्तर कायम गर्न सहजीकरण गर्ने,

(ज) होमस्टे संचालकहरुले पालना गर्नुपर्ने आचरण र अनुशासनको अनुगमन गर्ने।

१३. <u>अनुगमन तथा निरिक्षण सम्बन्धी व्यवस्थाः</u> (१) मन्त्रालय वा मन्त्रालयले तोकेको निकायले वा सम्वन्धित स्थानीय तहले आवश्यकता अनुसार समय समयमा होमस्टे व्यवस्थापन तथा संचालन समितिका कार्यहरु तथा प्रत्येक होमस्टेको अनुगमन तथा निरीक्षण गर्न सक्नेछ।

(२) मन्त्रालय वा मन्त्रालयले तोकेको निकायले वा स्थानीय तहबाट हुने अनुगमन तथा निरिक्षणका क्रममा तोकिएको मापदण्ड पूरा नगर्ने होमस्टेलाई मनासिव माफिकको म्याद दिई मापदण्ड पूरा गर्न लगाउनु पर्नेछ।

(३) उपनियम (२) बमोजिमको म्याद भित्र पनि मापदण्ड पुरा गर्न नसकेका होमस्टेलाई सम्वन्धित स्थानीय तहले निलम्वन वा खारेज गर्न सक्नेछ।

(४) कुनै होमस्टे संचालकले मापदण्ड पालना नगरेको गुनासो आएमा मन्त्रालयले कुनै पनि समयमा निरीक्षण गरी आवश्यक निर्देशन दिन सक्नेछ र सो निर्देशनको पालना गर्नु होमस्टे संचालकको कर्तब्य हुनेछ।

(५) कुनै होमस्टे संचालकले पर्यटकीय गतिविधिमा नै असर पर्ने गरी गैर कानुनी काम (ठगी, चोरी, लैङ्गिक हिंसा, अमानबीय व्यवहार, वन्यजन्तुको शिकार, वनपैदावरको अवैध कारोबार र आखेटोपाहरको बिक्रि बितरण) गरेको कसुरमा सम्वन्धित निकायबाट त्यस्तो अपराध वा कसुर भएको ठहर भएमा वा कुनै होमस्टेको अनुगमन गर्दा होमस्टेमा प्रचलित कानूनले निषेध गरेका कार्यहरु गरेको पाईएमा त्यस्तो होमस्टेको दर्ता खारेज गरी त्यस्तो होमस्टे संचालकलाई पुनःहोमस्टे संचालन गर्न नपाउने गरी सम्वन्धित स्थानीय तहले प्रतिबन्ध लगाउन सक्नेछ र यसरी प्रतिबन्ध लगाएको कारणले कानूनले निषेध गरेको कार्य गरेको कसुरमा कारवाही गर्न वाधा पर्ने छैन ।

(६) उपनियम (५) बमोजिम होमस्टेको दर्ता खारेज गर्नुपूर्व सफाईको लागि मनासिव मौका दिनु पर्नेछ ।

सचिव



Scanned with CamScanner

१४. विदेशी मुद्राको कारोवार गर्न स्वीकृति लिनुपर्ने: होमस्टे संचालन गर्ने संचालकले प्रचलित कानून वमोजिम नेपाल राष्ट्र बैङ्कको पूर्व स्वीकृति लिएर मात्र विदेशी मुद्राको कारोवार गर्नु पर्नेछ।

१५. विमा गराउने जिम्मेवारी: (१) होमस्टेमा ट्राभल एजेन्सी मार्फत आउने पर्यटकको बीमा गराउने जिम्मेवारी सम्वन्धित ट्राभल एजेन्सीको हुनेछ र व्यक्तिगत रुपमा आउने पर्यटकको हकमा बीमा गर्ने जिम्मेवारी सम्वन्धित पर्यटकको नै हुनेछ।

१६. अनुसूचीमा हेरफेर वा थपघट गर्न सक्ने: प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी अनुसूचीमा आवश्यक हेरफेर वा थपघट गर्न सक्नेछ ।

Scanned with CamScanner

## अनुसूची - १

(नियम ४ को उपनियम (१) सँग सम्वन्धित)

**होमस्टे दर्ताका लागि दिइने निवेदन**

श्री...................................गा.पा./न.पा./उप.म.न.पा./म.न.पा.को कार्यालय

..................................................।

म/हामीहरुले..................................वडा नं.......... टोल/गाउँ...................
................मा संचालन गर्न लागेको...........................................होमस्टेलाई प्रदेश नं. ५, प्रदेश पर्यटन ऐन, २०७६ र होमस्टे संचालन नियमावली,२०७६ बमोजिम सामुदायिक/निजी होमस्टेको रुपमा दर्ता गरी पाउन निवेदन गर्दछु/गर्दछौं।

होमस्टे संचालन नियमावली, २०७६ को अधिनमा रही आफ्नो होमस्टे संचालन गर्नेछौं।

संलग्न कागजात:

१.होमस्टे संचालन गर्ने निवेदकको दुई प्रति पासपोर्ट साईजको फोटो सहित नागरिकता प्रमाणपत्रको प्रतिलिपि।

२.होमस्टे संचालन गर्ने प्रत्येक घरधनीको जग्गा धनी प्रमाणपूर्जा वा पैतृक सम्पत्ती झल्कने प्रमाण वा मञ्जुरनामा वा भाडामा लिएको भए सोको सम्झौताको प्रतिलिपि।

३.प्रत्येक संचालकले होमस्टे संचालन गर्न मञ्जुर गरेको कागजात सहित होमस्टे व्यवस्थापन तथा सञ्चालक समितिको निर्णयको प्रतिलिपी।

४.व्यवस्थापन समिति गठन तथा दर्ता गर्ने सम्वन्धी स्थानीय भेलाको निर्णय।

५.सम्वन्धित वडाको सिफारिस।

६.आधारभूत प्रशिक्षण लिएको भए सो प्रमाणपत्रको प्रतिलिपि ।

होमस्टे यूनिटहरु (दर्ता हुने व्यक्तिहरुको) विवरण।

| क्र.सं. | संचालकको नाम थर | ठेगाना |
|---|---|---|
| १. | | |
| २. | | |
| ३. | | |
| ४. | | |
| ५. | | |
| ... | | |

नोट: सामुदायिक होमस्टेको हकमा होमस्टे व्यवस्थापन तथा संचालन समितिको अध्यक्ष वा अख्तियारी दिएको व्यवस्थापन समितिको सदस्यले निवेदन दिनुपर्नेछ।

निवेदकको नाम थर:...........................

ठेगाना:.....................................

मितिः ...............................

सम्पर्क नं.

सचिव०

Scanned with CamScanner

अनुसूची - २

(नियम ४ को उपनियम (२) सँग सम्वन्धित)

## होमस्टे संचालनका आधारभूत मापदण्ड

१. होमस्टेका लागि घर, कोठा र शैया:

(क) सहज पहुँचका लागि वाटोको प्रवन्ध भएको, घरहरु मौलिक संस्कृती झल्किने र हावाहुरी, वन्यजन्तु आदि वाट सुरक्षित हुनुपर्ने, खुला, हिलो तथा धुलो र हित सफासुग्घर हुनु पर्नेछ।

(ख) पाहुनाको लागि हरेक घरमा कम्तीमा एक कोठा र दुई वेड भएको हुनुपर्ने र बढीमा चार कोठा र आठ वेड मात्र राख्न पाईने, र कोठाको उचाइ कम्तिमा आठ फिटको हुनु पर्नेछ।

(ग) होमस्टे संचालन गर्ने एक घरमा बढीमा चार कोठा पर्यटकका लागि छुट्याउन सकिनेछ।

(घ) एउटा कोठामा बढीमा दुइ वटा मात्र ओछ्यान रहनुपर्नेछ। ओछ्यान कम्तीमा ६.५ फिट लम्वाईर तीन फिट चौडाईको हुनु पर्नेछ।

(ङ) भुईमा कार्पेट वा गुन्द्री ओछ्याएको हुनु पर्नेछ।

(च) ढोकामा खुट्टा पुछ्ने बोरा वा डोर म्याट भएको हुनु पर्नेछ।

(छ) नरम खालको सेतो तन्ना भएको र सेतो खोल भएका ओढ्नेको व्यवस्था हुनु पर्नेछ।

(ज) भित्तामा वा ढोकाको पछाडि पट्टि लुगा झुण्ड्याउने व्यवस्था भएको हुनु पर्नेछ।

(झ) कोठामा विजुलीवत्ती वा लाल्टिन वा मैन वा टुकी वा पानस वाल्ने व्यवस्था हुनु पर्नेछ।

(ञ) सुत्ने कोठामा धुवाँ आउने हुनु हुदैन साथै भान्सा कोठा र भन्याङ्ग कोठा पर्यटक सुताउनका लागि प्रयोग हुनु हुदैन।

(ट) सम्भव भए सम्म सुत्ने कोठामा सुन्दर दृश्यहरु र स्थानीय संस्कृति झल्कने तस्विरहरुको व्यवस्था हुनु पर्नेछ ।

(ठ) फोहोर फाल्ने एउटा टोकरी (डस्टवीन) को व्यवस्था हुनु पर्नेछ।

(ड) प्रत्येक पाहुनाका लागि एक जोर चप्पलको व्यवस्था हुनु पर्नेछ।

सचिव



Scanned with CamScanner

(ढ) भित्तामा एउटा अर्धकद देखिने ठूलो ऐना झुण्डाएको हुनु पर्नेछ।

(ण) सम्भव भए सम्म सुत्ने कोठामा चिया टेवुलको व्यवस्था हुनु पर्नेछ ।

(त) सम्भव भए सम्म सुत्ने कोठामा दुई वटा कुर्सीको व्यवस्था हुनु पर्नेछ ।

(थ) पर्यटकले देख्ने ठाउँमा त्यस होमस्टेका फरक खालका विशेपता र धार्मिक, ऐतिहासिक तथा रमणीय स्थानको बारेमा जानकारी दिने वोर्डको व्यवस्था हुनु पर्नेछ ।

(द) घर वरपर फूलहरु रोपेर सुन्दर वातावरण बनाउनु पर्नेछ ।

(ध) पर्यटकले पालना गर्नुपर्ने अनुसूची - ४ बमोजिमका आचारसंहिता प्रष्ट देखिने गरी उपयुक्त स्थानमा टाँस्नुपर्नेछ र सो आचार संहिताको वारे मा पाहुनालाई शुरुमै जानकारी दिनु पर्नेछ।

(न) सञ्चारका न्युनतम सुविधाहरु जस्तै टेलिफोन वा ईन्टरनेटको व्यवस्था भएको हुनु पर्नेछ।

(प) कोशेली घर व्यवस्थापनको लागि आवश्यक कक्ष हुनु पर्नेछ ।

(प) मेनुमा उल्लेख भए वाहेकका अन्य क्रियाकलाप/ सेवामा पर्यटकहरुलाई अतिरिक्त शुल्क तिर्न बाध्य पार्न हुँदैन।

२.<u>शौचालय र स्नानघर:</u>

(क) शौचालय र स्नानगृहको अनिवार्य व्यवस्था भएको हुनुपर्नेछ ।

(ख) सुविधायुक्त, अपाङ्ग तथा बाल मैत्री र सफा शौचालय हुनुपर्नेछ।

(ग) होमस्टे संचालन गर्ने घर वा समुदायले नुहाउनका लागि सुविधायुक्त र सफा स्नानघरको व्यवस्था मिलाउनुपर्नेछ।

(घ) स्नानघरमा पानीको बाल्टी, मग ,सावुन, रुमाल आदि आधारभूत वस्तुहरु हुनुपर्नेछ।

३.<u>भान्छा कोठा र खाना खाने व्यवस्था:</u>

(क) पाहुना राख्ने घर / कोठा नजिक गाई भैसी अथवा भेडा वाख्रा, सुगुँर ,कुखुरा आदि बाध्न वा पाल्न पाइने छैन।

(ख)धेरै धुवाँ नहुने भान्छा (उन्नत वा सुधारिएको चुलो) भएको हुनुपर्नेछ।वायोग्यास वा गोबरग्यासको उपयोगलाई प्रथमिकता दिनुपर्नेछ।



Scanned with CamScanner

(ढ) भित्तामा एउटा अर्धकद देखिने ठूलो ऐना झुण्डाएको हुनु पर्नेछ।

(ण) सम्भव भए सम्म सुत्ने कोठामा चिया टेवुलको व्यवस्था हुनु पर्नेछ ।

(त) सम्भव भए सम्म सुत्ने कोठामा दुई वटा कुर्सीको व्यवस्था हुनु पर्नेछ ।

(थ) पर्यटकले देख्ने ठाउँमा त्यस होमस्टेका फरक खालका विशेषता र धार्मिक, ऐतिहासिक तथा रमणीय स्थानको बारेमा जानकारी दिने बोर्डको व्यवस्था हुनु पर्नेछ ।

(द) घर वरपर फूलहरु रोपेर सुन्दर वातावरण बनाउनु पर्नेछ ।

(ध) पर्यटकले पालना गर्नुपर्ने अनुसूची - ४ बमोजिमका आचारसंहिता प्रष्ट देखिने गरी उपयुक्त स्थानमा टाँस्नुपर्नेछ र सो आचार संहिताको वारे मा पाहुनालाई शुरुमै जानकारी दिनु पर्नेछ।

(न) सञ्चारका न्युनतम सुविधाहरु जस्तै टेलिफोन वा ईन्टरनेटको व्यवस्था भएको हुनु पर्नेछ।

(प) कोशेली घर व्यवस्थापनको लागि आवश्यक कक्ष हुनु पर्नेछ ।

(प) मेनुमा उल्लेख भए बाहेकका अन्य क्रियाकलाप/ सेवामा पर्यटकहरुलाई अतिरिक्त शुल्क तिर्न बाध्य पार्न हुँदैन।

२.शौचालय र स्नानघरः

(क) शौचालय र स्नानगृहको अनिवार्य व्यवस्था भएको हुनुपर्नेछ ।

(ख) सुविधायुक्त, अपाङ्ग तथा बाल मैत्री र सफा शौचालय हुनुपर्नेछ।

(ग) होमस्टे संचालन गर्ने घर वा समुदायले नुहाउनका लागि सुविधायुक्त र सफा स्नानघरको व्यवस्था मिलाउनुपर्नेछ।

(घ) स्नानघरमा पानीको बाल्टी, मग ,सावुन, रुमाल आदि आधारभूत वस्तुहरु हुनुपर्नेछ।

३.भान्छा कोठा र खाना खाने व्यवस्थाः

(क) पाहुना राख्ने घर / कोठा नजिक गाई भैसी अथवा भेडा बाख्रा, सुगुँर ,कुखुरा आदि बाध्न वा पाल्न पाइने छैन।

(ख)धेरै धुवाँ नहुने भान्छा (उन्नत वा सुधारिएको चुलो) भएको हुनुपर्नेछ।बायोग्यास वा गोबरग्यासको उपयोगलाई प्रथमिकता दिनुपर्नेछ।



Scanned with CamScanner

(ग) पानीको सुविधा मिलाउनुपर्ने र खाने पानी फिल्टर गरेर वा उमालेर मात्र दिने गर्नु पर्नेछ।

(घ) स्थानीय खानाका परिकारहरुलाई स्वस्थकर ढंगले पकाउने र खुवाउने प्रवन्ध हुनुपर्नेछ।

(च) सानो तथा मौलिक खालको डाइनिङ्ग टेबलको प्रवन्ध भए राम्रो हुनेछ।

(छ) खानाको परिकारको सेवा, सुविधा र गुणस्तरका आधारमा खानपानका वस्तुहरु र आवासको आधारमा औचित्यपूर्ण मूल्य सहितको मेनुको व्यवस्था भएको हुनु पर्नेछ ।

४.स्वास्थ्य, सरसफाई तथा सुरक्षाः

(क) बास बस्ने कोठा तथा सुत्ने विस्तारामा किरा, लामखुट्टे आदिबाट सुरक्षित भएको हुनुपर्नेछ।

(ख) सामुदायिक रुपमा प्राथमिक उपचारको व्यवस्था हुनुपर्ने, खुला नाली र ढल नभएको हुनुपर्नेछ।

(ग) वातावरणमैत्री कृषि, पर्यटन क्रियाकलाप, पर्यटकीय सम्पदाहरुको संरक्षण, सार्वजनिक शौचालयको व्यवस्था, फूलबारी र वृक्षारोपण गरी हरियाली हुनुपर्नेछ।

(घ) घरायसी र वातावरणीय सरसफाईको राम्रो व्यवस्था हुनुपर्नेछ र फोहरमैला व्यवस्थापनका लागि कुहिने तथा नकुहिने फोहोरको छुट्टाछुट्टै व्यवस्था भएको हुनुपर्नेछ।

(ङ) होमस्टे वरपर फुलवारीको व्यवस्था गरेको हुनुपर्नेछ।



सचिव

Scanned with CamScanner

अनुसूची - ३ (क)

(नियम ५ को उपनियम (३) सँग सम्वन्धित)

## सामुदायिक होमस्टे संचालन प्रमाणपत्र

.............................................गा.पा./न.पा./उप.म.न.पा./म.न.पा.को कार्यालय

..................................

दर्ता नं.:..................

मितिः............................

.......................................................................लाई होमस्टे संचालन नियमावली, २०७६ मा व्यवस्था भए अनुसार सामुदायिक होमस्टेका रुपमा दर्ता गरी यो प्रमाणपत्र प्रदान गरिएको छ।

१)सदस्यहरुको नामः

२)ठेगानाः

३.मान्य अवधिः

**HOME STAY OPERATION CERTIFICATE**

.............................................Rural Municipality/Municipality/Sub-Metropolitan City/Metropolitan City

..................................

Regd No:..................

८ Date:............................

..........................................................................Homestay is registered/renewed as a Community Homestay under Homestay Regulation ,2076B.S.

1.Name of owners:

2.Address of owners:

3.Valid up to:

शर्तहरु

- व्यवस्थापन तथा संचालन समिति सँग समन्वय गरी पर्यटकहरुलाई मापदण्ड बमोजिमको बसोबासको व्यवस्था गर्नु पर्नेछ।
- चलनचल्तीको वा निर्धारित मूल्य भन्दा बढी मूल्य लिनु हुदैन।
- स्थानीय सामाजिक सांस्कृतिक वातावरणलाई असर पर्ने खालका क्रियाकलापहरु गर्नु गराउनु हुदैन। यो प्रमाणपत्र सबैले देख्ने स्थानमा राख्नु पर्नेछ।



सचिव

Scanned with CamScanner

प्रदेश नं.५
बुटवल, नेपाल

- व्यवस्थापन तथा संचालन समिति सँग समन्वय गरी प्रत्येक वर्ष प्रतिवेदन बुझाउनु पर्नेछ।
- यो प्रमाणपत्र पाँच वर्षमा नविकरण गराउनु पर्नेछ।

अनुमति पत्र प्रदान गर्ने अधिकृतको

नामः

दर्जाः

दस्तखतः

मितिः

Scanned with CamScanner

अनुसूची - ३ (ख)

नियम ५ को उपनियम (३) सँग सम्बन्धित

## निजी होमस्टे संचालन प्रमाणपत्र

........................................गा.पा./न.पा./उप.म.न.पा./म.न.पा.को कार्यालय

..................................

दर्ता नं.:..................

मितिः............................

.......................................................................लाई होमस्टे संचालन नियमावली, २०७६ मा व्यवस्था भए अनुसार निजी होमस्टेका रुपमा दर्ता गरी यो प्रमाणपत्र प्रदान गरिएको छ।

१) सदस्यको नामः

२)ठेगानाः

३)मान्य अवधिः

**HOMESTAY OPERATION CERTIFICATE**

............................................Rural Municipality/Municipality/Sub-Metropolitan City/Metropolitan City

..................................

Regd No:..................

Date:............................

.......................................................................Homestay is registered/renewed as a Private Homestay under Homestay Regulation, 2076 B.S.

1.Name of the owner:

2.Address of the owner:

3.Valid up to:

शर्तहरु

- पर्यटकहरुलाई मापदण्ड बमोजिमको बसोबासको व्यवस्था गर्नुपर्नेछ।
- चलनचल्तीको वा निर्धारित मूल्य भन्दा बढी मूल्य लिनुहुदैन।
- स्थानीय सामाजिक सांस्कृतिक वातावरणलाई असर पर्ने खालका क्रियाकलापहरु गर्नु गराउनु हुदैन। यो प्रमाणपत्र सबैले देख्ने स्थानमा राख्नुपर्नेछ।

सचिव



Scanned with CamScanner

प्रदेश सरकार
वन तथा वातावरण
प्रदेश नं.५
बुटवल, नेपाल

- प्रत्येक वर्ष प्रतिवेदन बुझाउनु पर्नेछ।
- यो प्रमाणपत्र पाँच वर्षमा नविकरण गराउनु पर्नेछ ।

<u>अनुमति पत्र प्रदान गर्ने अधिकृतको</u>

नामः

दर्जाः

दस्तखतः

मितिः

Scanned with CamScanner

अनुसूची ४

(नियम ९ को उपनियम (२) सँग सम्बन्धित)

## होमस्टे नविकरणका लागि दिइने निवेदन

मिति:२०  /  /

विषय: होमस्टे नवीकरण गरीदिनुहुन।

श्री ..........................................................................

..........................................................................

प्रदेश नं ५,.........................।

महोदय,

मेरो/हाम्रो नाममा रहेको..............................................................................नामको होमस्टे दर्ता नं................ को नवीकरण गरी दिनुहुन अनुरोध गर्दछु।नवीकरणका लागि आवश्यक कागजातहरु यसै निवेदनसाथ संलग्न छ ।

निवदेक:

होमस्टे संचालकको

नाम/थर............

दस्तखत:............



सचिव

Scanned with CamScanner

## अनुसूची -५
(नियम ९ को उपनियम (२) को खण्ड (ख) सँग सम्वन्धित)

आ.व........................................................को वार्षिक प्रगति प्रतिवेदन

श्री..........................................................

..........................................................।

होमस्टेको नामः..............................................................................................

स्थानः........................जिल्लाः....................गा.पा./न.पा./उ.म.न.पा./म.न.पा...........................................टोलः. ................

सामुदायिक होमस्टे भए आवद्ध संख्याः........................ दर्ता मितिः...............................

१. पर्यटक आवागमन संख्या र आय विवरणः

| सि.नं. | महिना | पर्यटक संख्या | प्रमुख क्रियाकलाप* | प्रमुख मुलुकहरु | मासिक आय | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | | | | | | |
| २. | | | | | | |
| ३. | | | | | | |
| ४. | | | | | | |
| ५. | | | | | | |
| जम्मा | | | | | | |

*(खानपान, बास, दृश्यावलोकन, हाईकिङ्ग, साँस्कतिक कार्यक्रम, परम्परागत खेलमा सहभागी गराउने, जंगल ट्रेक, ईकोट्रेक ईत्यादी।)

२. होमस्टे मार्फत पुऱ्याईएको सेवा सूविधाः..........................................................................................

३. प्रचार प्रसार गराईएको विवरणः..........................................................................................

४. आयव्ययको वार्षिक लेखापरीक्षण भएको प्रतिवेदनको विवरण

निवेदक;

नामथरः.......................................

पदः.......................................

ठेगानाः.......................................

मितिः.......................................

फ्याक्सः.......................................

टेलिफोनः.......................................

ईमेलः.......................................

वेभसाईटः.......................................



सचिव

Scanned with CamScanner

अनुसूची - ६

(नियम ११ को उपनियम (३) को खण्ड (ट) सँग सम्बन्धित)

<u>होमस्टे संचालकले राख्नुपर्ने बोर्डको ढाँचा</u>

होमस्टेको नाम:

सञ्चालकको नामः

ठेगानाः

दर्ता नं.:

फोन नं.:

इ-मेलः



सचिव

Scanned with CamScanner

प्रदेश नं ५
बुटवल, नेपाल

# अनुसूची - ७

(नियम ११ को उपनियम (३) को खण्ड (ढ) सँग सम्वन्धित)

## Code of Conduct for the Visitors (आचारसंहिता)

*The homeStay visitors are expected to abide the following points:*

पर्यटकहरूले निम्नलिखित आचार संहिताको पालना गर्नुपर्नेछ ।

1. Do not pressure the owner for food, beverage and facilities not available at homestay. (होमस्टेमा उपलब्ध हुन नसक्ने खाना, पेयपदार्थ र सुविधा वारे संचालकलाई दवाव दिन नपाइने)।
2. Do not disturb people at home or outside. (होमस्टे र छिमेकीलाई असर पर्ने गरी होहल्ला गर्न पाइने छैन)।
3. Do not demand anything beyond homestay's capacity. (होमस्टे संचालकको क्षमता बाहिरको सेवा सुविधामा गर्न पाइने छैन)।
4. Beware of doing any behavior (such as sexual activities or sexual harassment) which is impermissible to the local socio-cultural values (सामाजिक मूल्य मान्यता, धर्म संस्कृतिको हिसावले नपच्ने ब्यवहार, गतिविधी, यौनजन्य हिंसा गर्न पाईने छैन)।
5. Respect the people and address them in respectful language(होमस्टे संचालक परिवार र स्थानीयलाई आदर गर्नुपर्ने र उपयुक्त आदरार्थी शब्दले सम्वोधन गर्नुपर्नेछ)।
6. Respect to the rites and rituals of the local people; wear such clothes that are permissible to the community (स्थानीय समुदायको रितिरिवाजलाई सम्मान गर्नुपर्नेछ र समुदायमा सहज हुने कपडाहरू लगाउनु पर्नेछ)।
7. Do not impress the owner or other people for doing immoral or illegal activities; respect to the household routine for entrance and exit .(अनैतिक र गैरकानुनी क्रियाकलाप गर्न समुदायलाई दवाव दिनहुँदैन)।
8. Supply and use of narcotics or any forms of psychotropic drugs at home or outside is strictly prohibited.(कुनै प्रकारका लठ्याउने प्रकारका लागुपदार्थहरू प्रयोग गर्न र विक्रि वितरण तथा ओसारपसार गर्न सख्त मनाही छ)।
9. Do no harm to the biodiversity and ecology of the environment.(जैविक विविधता र वातावरणीय परिस्थितिलाई कुनै हानी नोक्सानी पुऱ्याउनु हुँदैन)।
10. Carrying weapons (e.g.,Gun, Explosive materials) are strictly prohibited(हातहतियार जस्तै बन्दुक, बिस्फोटक पदार्थ बोक्न सख्त मनाही छ)।



सचिव

Scanned with CamScanner